# कोन्ज्योसोम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर ।

बागमती प्रदेश, नेपाल।

प.स. २०८०/०८१
च.नं.

## सेवा करारमा कर्मचारी पदपूर्तिको लागि दरखास्त आह्वान गरिएको सूचना

सूचना प्रकाशित मिति :२०८०/०८/२४ गते

कोन्ज्योसोम गाउँपालिका कार्यालयको लागि तपशिल बमोजिमको पदमा करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको रसिद सहित रितपूर्वकको ढाँचामा दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.स | पद | संख्या | न्युनतम शैक्षिक योग्यता | परिक्षा दस्तुर |
|---|---|---|---|---|
| १. | इन्जिनियर(सिभिल) अधिकृत छैटौ | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट बि.ई सिभिल इन्जीनियरिङ विषयमा स्नातक तह उतीर्ण गरेको वा सो सरह | रु.१०००/- (एक हजार) |

**दरखास्तमा संलग्न हुनुपर्ने कागजातहरु :**

- उम्मेदवारले शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, सम्बन्धित तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपि,सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साईजको फोटो २ प्रति संलग्न गरेको हुनुपर्नेछ साथै पेश गरिने प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।
- परिक्षा दस्तुर : सानिमा बैंक लिमिटेडमा रहेको यस कार्यालयको, कोन्ज्योसोम गा.पा. ग-१.१ आन्तरिक राजश्व खाता नं. ०६६०१००४०००००१३ मा जम्मा गरी बैंक भौचर वा गाउँपालिकाको राजश्व शाखामा राजश्व बुझाएको भौचर अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।
- . दरखास्त दिने अन्तिम मिति : २०८०/०९/०८ गते कार्यालय समयभित्र ।
- उम्मेदवार दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) हुनु पर्नेछ ।
- परिक्षा किसिम : लिखित र अन्तर्वार्ता
- छनौटको आधार : कोन्ज्योसोम गाउँपालिकाको करारमा जनशक्ति व्यवस्थापन कार्यविधि २०७६ बमोजिम हुनेछ ।
- पारिश्रमिक तथा सेवा सुबिधा प्रचलित कानुन बमोजिम हुनेछ ।
- यससँग सम्बन्धित फारम तथा अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहुन वा वेबसाईट www.konjyosommun.gov.np मा हेर्न सक्नुहुनेछ ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन, सँस्कृति, वातावरण र पूर्वाधारः सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"

E-mail:- konjyosom2075@gmail.com, Website:- www.konjyosommun.gov.np